आकाश भैरव
AAKASH BHAIRAB
In-House Journal
नेपाल वायुसेवा
Vol. 44, No. 2 Ashoj-Kartik (2081) October-November (2024)

# नेपाल वायुसेवा निगम धेरै विदेशी मुद्रा आर्जन गर्ने वायुसेवाको रूपमा सम्मानित

४५औं विश्व पर्यटन दिवसको सु-अवसरमा २७ सेप्टेम्बर, २०२४ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्धारा काठमाडौंमा आयोजित कार्यक्रममा सबैभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने वायुसेवाको रूपमा नेपाल वायुसेवा निगमलाई सम्मान गरिएको हो । माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डे, माननीय राज्यमन्त्री अरूणकुमार चौधरी, तथा सचिव डा. गणेश प्रसाद पाण्डेयको समुपस्थितिमा सम्माननीय कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंह श्रेष्ठले उक्त सम्मानपत्र निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारीलाई प्रदान गर्नुभएको थियो ।




निगमले १ सेप्टेम्बर, २०२३ देखि ३१ अगष्ट, २०२४ को अवधिमा सबैभन्दा बढी विदेशी मुद्रा १० करोड ८० लाख ४० हजार ८ सय ७६ अमेरिकी डलर आर्जन गरी देशमा विदेशी मुद्रा सञ्चिती बढाउन उल्लेखनीय योगदान पुर्‍याए बापत निगम सम्मानित भएको हो ।

# बडादशैंको फूलपातीका दिन काठमाडौं-भैरहवा-काठमाडौं उद्धार उडान सञ्चालन

यस वर्षको असोज महिनामा परेको अविरल वर्षाका कारण काठमाडौं उपत्यकाबाट बाहिर जाने/आउने राजमार्गहरु बाढी तथा पहिरोले क्षतिग्रस्त बनाएको हुँदा स्थल आवागमनमा कठिनाई भएको र नेपालीहरूको महान पर्व वडादशैंमा आ-आफ्नो जिल्लास्थित घर आउन/जान सहज होस् भनी फूलपातीका दिन काठमाडौं-भैरहवा-काठमाडौंका लागि निगमको एयरबस ३२० जहाजबाट उद्धार उडान सञ्चालन गरिएको थियो ।

देशको विषम परिस्थितिलाई मध्यनजर गरी उद्धार उडान सञ्चालन गर्ने सम्बन्धमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेको विशेष निर्देशनअनुसार निगमले उक्त उडान सञ्चालन गरेको हो । यात्रुहरूले निगमको आन्तरिक बिक्री कार्यालयबाट, निगमको Website (www.nepalairlines.com.np) तथा आफ्नो मोबाइलबाट Online Ticket लिन सकिने व्यवस्था मिलाइएको थियो । १५८ सिटको क्षमता भएको उक्त जहाजमा काठमाडौं भैरहवातर्फ १५८ नै तथा भैरहवा काठमाडौंतर्फ १४१ यात्रुले यात्रा गरेका थिए ।



# सम्पादकीय

नेपाल र नेपालीको महान् चाड दशैं, दीपावली, छठ तथा नेपाल संवत् ११४५ मा देश विदेशमा रहनुहुने नेपाली दाजुभाई दिदीबहिनीलाई यात्राको क्रममा नेपाल वायुसेवा निगमले आफ्नो गन्तव्यमा सेवा दिन पाउँदा हामी हर्षित भएका छौं । निगमसँग रहेको सीमित जहाजबाट यहाँहरूको यात्रा सदैव सहज, सुलभ तथा समयमा नै होस् भनेर निगम हरहमेसा यसमा सकारात्मक प्रयास गर्दै हाम्रा कर्मचारीहरु अहोरात्र सेवाका लागि खटिरहेका छन् । नेपालको अर्थतन्त्रलाई सबल सक्षम बनाउन पर्यटन क्षेत्र एक अपरिहार्य मेरूदण्डको रूपमा रहेको छ र विभिन्न सीमितताबीच निगम अर्थतन्त्रको सम्बर्द्धन, विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना र पर्यटन प्रवर्द्धनमा सदैव अग्रसर भई अगाडि बढिरहेको छ । निगमले आफ्नो स्थापनाकालदेखि नै अनेकौं चुनौतीहरूको सामना गर्दै अघि बढिरहेको छ । आजको तीब्र प्रतिस्पर्धाको समयमा नियमित, भरपर्दो र सुरक्षित उडान निगमको सफलताका आधारस्तम्भ हुन् । नेपालको हवाई यातायातको साखलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गराउने उद्देश्य बोकेको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले आफ्ना आधारभूत शर्तहरूमा कहिल्यै सम्झौता गरेको छैन । नयाँ नयाँ गन्तव्यहरूको खोजी गर्दै आफ्नो छविलाई अन्तर्राष्ट्रियस्तरमा प्रबर्द्धन गर्ने कार्यमा प्रतिबद्धताका साथ अगाडि लम्किरहेको छ ।

राष्ट्रिय ध्वजावाहकसँग विभिन्न पक्षहरूको आशा रहेकोले सो दायित्व पूरा गर्नमा निगमले खेलेको भूमिका महत्वपूर्ण छ । नागरिकलाई सेवा दिनुपर्ने राज्यको दायित्व पूरा गर्न निगमले व्यावसायिक प्रतिफल मात्र नहेरेर कतिपय दुर्गम तथा अत्यावश्यक समय तथा स्थानहरूमा राज्यको उद्देश्यअनुरूप हवाई सेवा प्रदान गर्दै आएको छ । राष्ट्रलाई विपद् परेको बखतमा होस् या देश बाहिर रहेका नेपालीलाई परेको जुनसुकै आपत्कालिन अवस्थामा अहोरात्र सेवारत छ । २०८१ सालको बडादशैंको आगमन हुनैलाग्दा अविरल वर्षाका कारण सडकमार्ग बिग्रिएर आफ्नो घर जान नपाएका यात्रुलाई सहज होस् भन्ने हेतुले १५८ सिट क्षमता भएको एयरबस ३२० बाट काठमाडौं भैरहवा काठमाडौंका लागि फुलपातीका दिन उद्धार उडान सञ्चालन गरी यात्रुहरूलाई गन्तव्यमा पुर्‍याउन मद्धत गरेको छ ।

निगमसँग पर्याप्त मात्रामा जहाज नभएको कुरा घामजस्तै छर्लङ्ग छ तथापि भएका जहाजको उडानमार्फत अन्तर्राष्ट्रिय उडानमा यसवर्ष नेपालमा सबैभन्दा धेरै विदेशी मुद्रा आर्जन गर्ने एयरलाइन्सका रूपमा सम्मानित हुनु पनि गर्वको विषय हो । नेपाल वायुसेवा जहाँ जहाँ पुग्न सकेको छ त्यहाँ त्यहाँ हवाई यातायात भाडादर पनि सस्तो भएको छ । उडानका क्षेत्रमा निगमको उपस्थितिले वायुसेवा कम्पनीहरूको भाडादर पनि कम हुन गई यात्रुहरूले थोरै राहतको महसुस गरेका छन् । यस अर्थमा पनि निगमले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

२०८१ सालको बडादशैं, दीपावली तथा छठ पर्वले ल्याएको खुसी र परदेशिएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूका परिवारका खुसीलाई जोड्न निगमको भूमिका उल्लेखनीय रहेको छ । टिकट नपाएर अथवा टिकट महङ्गो भएर नेपाल फर्कन नसकेका यात्रुलाई निगमको सस्तो र सुलभ हवाई टिकटले घर फर्काउने हाम्रो प्रयास निरन्तर रहने छ । राज्यको दायित्व पूरा गर्नमा निगम राज्यको एक हिस्सा भएर रहेको छ ।



निगमका कार्यकारी अध्यक्ष श्री युबराज अधिकारी निगममा दशैं पूजा गर्दै ।


## सम्पादक मण्डल

प्रधान सम्पादक : अनिल घिमिरे
कार्यकारी सम्पादक : दिक्पाल सुवेदी
सम्पादक : अस्मिता सुवेदी
कल्पना काफ्ले

विभागीय प्रतिनिधिहरू : गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स
नुमानन्द गौतम, यात्रुसेवा
छायाँ गुरूङ, आन्तरिक लेखा परीक्षण
प्रकाश अधिकारी, गाउण्ड सपोर्ट
प्रभा पोखरेल, मानव संशाधन
उदय खत्री, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट
यशोदा सिंखडा, बजार व्यवस्थापन
यम राज सिंह, सा.से.तथा सं. व्यवस्थापन
इन्द्र थापा, अर्थ
चक्र के.सी., अपरेसन्श
सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स

प्रकाशक : बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग
नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

फोटो सल्लाहकार : हरि गोपाल प्रधान

# निगमद्धारा २०८१ आश्विन मसान्तसम्मको जहाजको ऋण भुक्तानी

निगमले अन्तर्राष्ट्रिय उडानको लागि खरिद गरेका दुई न्यारोबडी र दुई वाइडबडी जहाजको लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्वमध्ये दुई न्यारोबडी जहाजको २०८१ आश्विन महिनाको किस्ताबापत पूरा र दुई वाइडबडी जहाजको आंशिक गरी मिति २०८१ आश्विन ३० गते जम्मा रू ५३,०९,५५,२८१ (अक्षरेपी त्रिपन्न करोड नौ लाख पचपन्न हजार दुई सय एकासी रूपैयाँ मात्र) रकम भुक्तानी गरेको छ ।

# Safety Action Group (SAG) का सदस्यहरूका लागि Safety Management System (SMS) तालिम सम्पन्न

२०८१ साल असोज ६ गतेदेखि १० गते सम्म निगमको Corporate Safety Division ले Safety Management System SMS सम्बन्धी तालिम सञ्चालन गरेको हो । उक्त तालिममा विभिन्न विभागहरूबाट ३९ जना सदस्यहरूको सहभागिता रहेको थियो । उक्त तालिम सुरक्षा व्यवस्थापन प्रणालीका विभिन्न महत्वपूर्ण पक्षहरूमा केन्द्रित रहेर निगमको सेवा सञ्चालनमा Safety प्रवर्द्धन र सुधार गर्न आवश्यक भूमिका निर्वाह गर्ने अपेक्षा राखेर सञ्चालन गरिएको थियो ।

प्रशिक्षणका क्रममा सहभागीहरूलाई Safety नीति र उद्देश्यका सम्बन्धमा अवगत गराइनुका साथै निगमको Safety सम्बन्धी व्यवस्थापनको प्रतिबद्धता, आवश्यक स्रोतको विनियोजन, र Safety सूचकहरूको महत्वलाई उजागर गराइएको थियो । प्रशिक्षणले Safety जोखिम व्यवस्थापनको गहन अध्ययन, जोखिमको पहिचान, मूल्याङ्कन, र प्रभावकारी नियन्त्रणहरु मार्फत Safety जोखिमलाई न्यूनतम पार्नका लागि अपनाउनुपर्ने रणनीतिहरु समेटिएको थियो । यसका अतिरिक्त, Safety आश्वासनका सिद्धान्तहरु, Safety अडिट, प्रदर्शन अनुगमन, र Safety मापदण्डहरूको निरन्तर सुधारको महत्वलाई प्रकाश पारिएको थियो । यस तालिममा Corporate Safety Division का अनुभवी र दक्ष कर्मचारीहरूले प्रशिक्षण दिएका थिए ।



# निगमका त्रिभुवन विमानस्थल यात्रुसेवा विभाग, ब्यागेज ह्यान्डलिङ्ग शाखाका कर्मचारी सम्मानित

काठमाडौंस्थित निगमका त्रिभुवन विमानस्थल यात्रु सेवा विभाग ब्यागेज ह्याण्डलिङ्ग इकाईका दुई कर्मचारी सम्मानित भएका छन् । इन्डिगो एयरलायन्सद्वारा "उत्कृष्ट फास्ट ट्र्याकर" का रूपमा विभागका दुई कर्मचारी दिक्षा मर्हजन र प्रकृति अर्याललाई सम्मान गरेको हो ।

छुटेका वा हराएका ब्यागेजहरूलाई छोटो समयमै पत्ता लगाई यात्रुहरूलाई हस्तान्तरण गर्दै ग्राहक सन्तुष्टि अभिवृद्धि गर्नमा सहयोग गरेवापत उनीहरूलाई उक्त सम्मान प्रदान गरिएको हो । त्रिभुवन विमानस्थलस्थित इन्डिगो एयरलायन्सको कार्यालयमा एक कार्यक्रमको आयोजना गरी सम्मानित कर्मचारीको लगनशिलता र मेहनतको कदर गर्दै प्रशंसा-पत्र प्रदान गरिएको थियो ।



# ब्यागेज इन्टरचेन्ज समस्या कम गर्न नयाँ उपायको थालनी

निगमको यात्रु सेवा विभाग, ब्यागेज ह्यान्डलिङ्ग इकाईद्वारा यात्रु आगमनका समयमा हुनसक्ने ब्यागेज इन्टरचेन्ज अर्थात यात्रुहरूको ब्याग अदल-बदलको समस्या न्युनीकरणका लागि सचेतनामूलक पहलको थालनी भएको छ । इकाईले सामानको क्यारोसेलमा विशेष चिह्न लगाइएको सुटकेश राखिएको छ । यात्रुहरूलाई सामान सङ्कलन गर्नुअघि आफ्नो ट्यागहरु सावधानीपुर्वक जाँच गर्न सम्झाउन उक्त सुटकेश डिजाइन गरिएको हो ।




इकाइले सामान सङ्कलन गर्ने समयमा ब्यागेज इन्टरचेन्ज समस्या बढ्दै गएपछि उक्त सचेतनामूलक पहलको थालनी गरेको हो । अब घुमिरहेको क्यारोसेलमा "आफ्नो झोलाको ट्याग जाँच गर्नुहोस् त्यसपछि मात्र आफ्नो झोला सङ्कलन गर्नुहोस्" भन्ने सन्देश देखिने छ । यसबाट बारम्बर दोहोरिने ब्यागेज इन्टरचेन्ज समस्या केही हदसम्म कम हुने आशा रहेको छ ।

# टिकापुर विमानस्थलमा परीक्षण उडान

मिति २०८१ कार्तिक १२ गते तद्अनुसार २८ अक्टोबर, २०२४ मा नेपाल वायुसेवा निगमको जहाज 9N-ABU बाट कैलाली जिल्लाको टिकापुर विमानस्थलमा परीक्षण उडान (Test Flight) गरिएको छ । परीक्षण उडानको लागि जहाज नेपालगञ्जबाट स्थानीय समयअनुसार दिनको १२:४५ मा उडान भरी १३:१५ मा टिकापुर विमानस्थलमा अवतरण भएको थियो । उक्त परीक्षण उडानमा नेपाल वायुसेवा निगम र नेपाल नागरिक उड्डयन प्राधिकरणका प्राविधिकहरूको संयुक्त टोली सम्मिलित रहेको थियो ।

उक्त कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री माननीय अरूणकुमार चौधरीज्यू तथा नागरिक उन्मुक्त पार्टीका नेता रेशम चौधरी लगायतको उपस्थिति रहेको थियो । निगमसँग जहाजको उपलब्धता भएसँगै नेपालगञ्ज-टिकापुर-नेपालगञ्ज सेक्टरमा यथासक्य चाँडै नियमित उडान सञ्चालन गर्ने योजना रहेको छ । नेपालगन्जबाट टीकापुर ३८ माइल (६१ किलोमिटर) हवाई दुरीमा पर्छ ।

# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा निगमद्वारा ग्राउण्ड ह्याण्डलिङ्ग सेवा प्रदान

निगमले देशकै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल गौतमबुद्ध विमानस्थलमा वि.सं. २०७९ जेष्ठ ०२ देखि ग्राउण्ड ह्याण्डलिङ्ग सेवा दिदै आइरहेको छ । सुरुवाती दिनमा कुवेतको जजिरा एयरवेजले मात्र उडान गर्दै आइरहेकोमा आ.व. २०८१/०८२ को Winter Schedule मा कुवेतको जजिरा एयरवेज लगायत फ्लाई दुबई, कतार एयरवेज, थाइ एयर एसियाका साथै निगमले उडान भर्दै आइरहेका छन् । निगमले अन्तर्राष्ट्रिय विमान कम्पनीलाई आवश्यक पर्ने सम्पूर्ण भुमिस्थ सेवा प्रदान गरिरहेको छ । हालका दिनमा गौतमबुद्ध बिमानस्थलाई आधार बनाएर जजिरा एयरवेजको हप्ताको तीन दिन, फ्लाई दुबईको दैनिक, कतारको दैनिक, थाइ एयर एसियाको हप्ताको दुई दिन र निगमले हप्ताको चार दिन काठमाडौं-भैरहवा-दुबई र मलेसिया-भैरहवा-काठमाडौं हप्तामा एक दिन उडान तालिका रहेको छ । निगमले आफ्नो उडानका साथसाथै विदेशी वायुसेवा कम्पनीहरूको समेत ग्राउण्ड ह्यान्डलिङ्ग सेवा दिइरहेको छ ।




बडादशैंको फूलपातीका दिन गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा काठमाडौं-भैरहवा-काठमाडौं उद्धार उडान स्वागतको तयारी सञ्चालनको त्यारी ।

# निगमको काठमाडौं-रूम्जाटार-काठमाडौं उडान सञ्चालन

निगमले मिति २०८१ असोज २४ तदनुसार अक्टोवर १०, २०२४ देखि आन्तरिक उडानतर्फ काठमाडौं-रूम्जाटार-काठमाडौंको उडान साताको एक दिन बुधबार संचालनमा ल्याएको छ । ओखलढुङ्गाको रूम्जाटारमा निगमको उडानको अत्यधिक मात्रामा माग भएपश्चात् राज्यको दायित्व वहन गर्दै नागरिकको सेवा सुविधालाई ध्यानमा राखेर निगमले हप्ताको एक दिन उडान सञ्चालन गरेको हो । यात्रुको चाप र निगमको जहाजको उपलब्धतालाई हेरेर उडान थप्न सकिने निगमले विश्वास लिएको छ ।

# निगमको काठमाडौं-भैरहवा-दुवई-काठमाडौं उडान संचालन

नेपाल वायुसेवा निगमको काठमाडौं-भैरहवा-दुवई-काठमाडौं उडान संचालनमा आएको छ । मिति २०८१ कार्तिक २४ तदनुसार ९ नोभेम्वर २०२४ मा नेपाल वायुसेवा निगमको काठमाडौं-भैरहवा-दुवई हप्ताको चार दिन सोमवार, बुधवार, शुक्रवार र आइतवार उडान हुने गरेको छ साथै दुवई-काठमाडौ सोमवार, मंगलवार विहीवार र शनिवार उडान हुने गरेको छ । सातामा चार दिन संचालन हुने उक्त उडानवाट दुवई यात्रा गर्ने यात्रुहरु काठमाडौं र भैरहवाबाट यात्रा गर्न सक्ने हुनाले लाभान्वित हुने विश्वास गरिएको छ ।

## विभागीय समाचार

### मानव संशाधन विभाग

**भाद्र, २०८१**

**नियुक्ति**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री विवेक शाक्य | ७ | ब. प्राविधिक अधिकृत |
| २ | श्री गणेश अधिकारी | ६ | लेखा अधिकृत |

**राजिनामा**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री सुमिना मास्के | ३ | क. सहायक |
| २ | श्री दिपेन जंग जि.सी | ५ | विमान परिचारक |
| ३ | श्री प्रशान्त राई | ९ | ब. कप्तान |

**अवकाश**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री दुर्गा राज बिष्ट | ६ | अधिकृत |
| २ | श्री गगन बहादुर चन्द | ६ | अधिकृत |
| ३ | श्री अच्युत प्रसाद ढुंगाना | ८ | का.मु. उप-निर्देशक |

**आश्विन, २०८१**

**राजिनामा**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री मान बहादुर तुम्बाहाङ्फे | ८ | कप्तान |

**अवकाश**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री प्रज्ञा श्रेष्ठ | ६ | ब. विमान परिचारिका |

## Internal Audit Department

***Following task were on going during the period of Ashwin & Kartik listed below:***

1. Audit of GS&PMD on going.
2. Audit of GSED on going
3. Audit of EMD on going


## Ground Support Department


**Major Achievement: Aswin-Kartik 2081**

- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्देशन बमोजिम गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भुमिस्थ सेवा प्रवाह गरेवापत लिने GH शुल्क ७५ प्रतिशत छुट दिने सम्बन्धमा निगमको संचालक समितिमा Board Proposal पेश भई स्वीकृत भएपश्चात सम्पूर्ण एयरलाईन्सहरूलाई उक्त प्रावधान कार्यान्वयनको लागि इमेल मार्फत जानकारी गराइएको ।
- निगमको A330 (9N-ALY को NAP-KTM Flight का लागि Ground Handling, Airport Settlement Hotel Arrangement का लागि आवश्यक व्यवस्था गरी सहकार्य गरिएको ।
- निगमको A330 (9N-ALZ) को C -Check गर्नका लागि Italy मा उडान गर्दा Ground Handling, Airport Settlement Hotel Arrangement का लागि आवश्यक व्यवस्था गरी सहकार्य गरिएको ।
- विभागको खरिद गुरूयोजना (MPP) तयार गरिएको ।
- आ.व. २०८१/८२ को लागि विभागको खरिद योजना (APP) तयार गरिएको ।
- विभागमा उपयोग हुने Lube Oil खरिदका लागि Tender Agreement गरिएको ।
- Beyond Economical Repair (BER) को Auction का लागि टेन्डर आह्वान गरी Tender Opening भएपश्चात् मूल्याङ्कन गरी BER को Auction सम्पन्न भएको ।


# Traffic statistics for the month of Srawan-Aswin 2081


## 1. International sector





## 2. Domestic sector




Source: Post Flight Information Report

## 3. Market share of NAC-International sector Srawan-Aswin 2081




Source: Customer Service Department

Note: The above data excludes data from Air India.

## Operations Department

# Performance Report of Flights from Kathmandu

### for the month of Shrawan and Bhadra, 2081

| Fleet/Month Flight Performance % | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Shrawan | Bhadra | Shrawan | Bhadra | Shrawan | Bhadra | Shrawan | Bhadra | Shrawan | Bhadra |
| **Reliability** | 100% | 95% | 100% | 96% | | 100% | 100% | 100% | 100% | 96% |
| **Punctuality** | 58% | 48% | 96% | 93% | | 100% | 88% | 100% | 79% | 76% |

# DUTY ROSTER OF NAC CLINIC DOCTORS

**Effective from 8th November 2024**

| S.N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. SUBODH KUMAR ADHIKARI**<br>Senior Surgeon<br>NMC : 1095<br>Mobile No. 9851037056 | | 12:00-13:00 | | 12:00-13:00 | 12:00-13:00 | |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME & General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 14:00-15:00 | 14:00-15:00 | | | 14:00-15:00 | |
| 3. | **Dr. NANDITA GHIMIREY**<br>Family Medicine<br>NMC: 2784<br>Mobile No. 9841777677 | | 15:00-16:00 | 15:00-16:00 | 10:00-11:00 | | |
| 4. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 12:00-13:00 | | 14:00-15:00 | 14:00-15:00 | | |
| 5. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant,Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 12:00-13:00 |
| 6. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant,Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 12:00-13:00 |
| 7. | **Dr. BISHWA RAJ DAWADI**<br>Consultant Family Physician<br>NMC: 4996<br>Mobile No. 9841226322 | 13:00-14:00 | | 13:00-14:00 | 13:00-14:00 | | |
| 8. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | 15:00-16:00 | | | 15:00-16:00 | | 14:00-15:00 |
| 9. | **Dr.ASMITA ARYAL**<br>Consultant, General Practice and Emergency Medicine<br>NMC: 23121<br>Mobile No.9849512493 | 11:00-12:00 | | 11:00-12:00 | 11:00-12:00 | | 14:00-15:00 |

## Nepal Airlines Corporation

## Ground Support Department, TACC Section

# LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year Months | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. Pcs. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police security | Paxs | |
| 1 | 2081 | Bhadra | 9 | 3 | 13 | 6 | 0 | 1 | 1 | 9 | 42 | 29 | 9 | 4 | | |
| 2 | 2081 | Ashoj | 5 | 3 | 8 | 11 | 0 | 1 | 0 | 12 | 40 | 28 | 6 | 6 | | |
| **Total** | | | **14** | **6** | **21** | **17** | **0** | **2** | **1** | **21** | **82** | **57** | **15** | **10** | | |

**नोटः**

उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धित ठाँउमा बुझाएका सामानहरूको हो ।

**Details**

Mob : Mobiles
Cam : Different types of movie and still camera/watch.
Mny : Money and wallets
ipd : i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Gld : Gold and ornaments
Elx : Other electronic appliances/items, gems, pendrives, power Bank etc.
Hov : Handed over to the related airlines (staff, crew, passengers)
PP : Passport

# NEPAL AIRLINES CORPORATION
## MARKETING DEPARTMENT
## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS
### As of Ashoj & Kartik, 2081

| Region | Asoj 2081 | | | | Kartik 2081 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 1,785 | 10,585,624 | 44,172 | 10,629,796 | 1,930 | 11,753,882 | 64,139 | 11,818,021 | 3,715 | 22,447,817 |
| **Domestic Total** | **1,785** | **10,585,624** | **44,172** | **10,629,796** | **1,930** | **11,753,882** | **64,139** | **11,818,021** | **3,715** | **22,447,817** |
| KTM-NRT | 3,061 | 201,197,212 | 13,384,320 | **214,581,532** | 3,078 | 247,927,976 | 12,950,220 | 260,878,196 | 6,139 | **475,459,728** |
| NRT-KTM | 2,953 | 229,721,616 | 4,650,800 | **234,372,416** | 2,637 | 181,809,864 | 2,666,400 | 184,476,264 | 5,590 | **418,848,680** |
| KTM-DXB | 2,345 | 72,473,260 | 877,780 | **73,351,040** | 2,429 | 102,581,132 | 1,028,750 | 103,609,882 | 4,774 | **176,960,922** |
| DXB-KTM | 2,363 | 76,404,154 | 1,999,350 | **78,403,504** | 2,171 | 59,749,018 | 1,955,790 | 61,704,808 | 4,534 | **140,108,312** |
| KTM-DEL | 5,451 | 47,567,406 | 3,930,273 | **51,497,679** | 6,399 | 106,292,694 | 2,794,275 | 109,086,969 | 11,850 | **160,584,648** |
| DEL-KTM | 6,131 | 91,348,234 | 1,714,368 | **93,062,602** | 5,912 | 68,529,704 | 1,370,368 | 69,900,072 | 12,043 | **162,962,674** |
| KTM-KUL | 590 | 14,777,220 | 2,276,172 | **17,053,392** | 1,235 | 39,817,380 | 1,521,600 | 41,338,980 | 1,825 | **58,392,372** |
| KUL-KTM | 1,519 | 47,170,067 | 5,040 | **47,175,107** | 1,677 | 52,729,761 | 133,616 | 52,863,377 | 3,196 | **100,038,484** |
| KTM-DOH | 4,157 | 103,510,856 | 14,567,553 | **118,078,409** | 4,379 | 144,731,232 | 698,852 | 145,430,084 | 8,536 | **263,508,493** |
| DOH-KTM | 4,242 | 166,194,726 | 3,357,954 | **169,552,680** | 4,620 | 113,859,180 | 4,472,730 | 118,331,910 | 8,862 | **287,884,590** |
| KTM-BKK | 1,659 | 40,729,532 | 138,276 | **40,867,808** | 1,972 | 57,043,856 | 313,312 | 57,357,168 | 3,631 | **98,224,976** |
| BKK-KTM | 1,798 | 62,795,304 | 1,139,616 | **63,934,920** | 1,574 | 56,771,752 | 933,048 | 57,704,800 | 3,372 | **121,639,720** |
| KTM-HKG | 727 | 23,553,524 | 637,620 | **24,191,144** | 917 | 38,241,804 | 702,480 | 38,944,284 | 1,644 | **63,135,428** |
| HKG-KTM | 881 | 49,301,172 | 4,654,600 | **53,955,772** | 553 | 23,052,836 | 2,113,440 | 25,166,276 | 1,434 | **79,122,048** |
| KTM-BOM | 961 | 10,216,228 | 101,595 | **10,317,823** | 1,015 | 13,927,720 | 257,415 | 14,185,135 | 1,976 | **24,502,958** |
| BOM-KTM | 1,177 | 16,459,644 | 797,440 | **17,257,084** | 1,056 | 14,724,920 | 791,904 | 15,516,824 | 2,233 | **32,773,908** |
| KTM-BLR | 1,255 | 18,234,140 | 30,360 | **18,264,500** | 1,510 | 30,283,680 | 115,245 | 30,398,925 | 2,765 | **48,663,425** |
| BLR-KTM | 1,330 | 24,171,456 | 75,290 | **24,246,746** | 1,243 | 20,875,380 | 52,820 | 20,928,200 | 2,573 | **45,174,946** |
| KTM- DMM | 939 | 31,443,640 | 38,794 | **31,482,434** | 821 | 33,396,960 | 30,962 | 33,427,922 | 1,760 | **64,910,356** |
| DMM-KTM | 1,041 | 42,091,020 | 761,600 | **42,852,620** | 894 | 17,344,080 | 525,000 | 17,869,080 | 1,935 | **60,721,700** |
| **Intl Total** | **44,580** | **1,369,360,411** | **55,138,801** | **1,424,499,212** | **46,092** | **1,423,690,929** | **35,428,227** | **1,459,119,156** | **90,672** | **2,883,618,368** |
| **Grand Total** | **46,365** | **1,379,946,035** | **55,182,973** | **1,435,129,008** | **48,022** | **1,435,444,811** | **35,492,366** | **1,470,937,177** | **94,387** | **2,906,066,185** |

**Note:**
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights.
4. Charter Flights are not included in above data.